# एच एण्ड बि डेभलपमेण्ट बैंक लि.को सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई निलम्बन गरी संस्थाको व्यवस्थापन नियन्त्रणमा लिइएको बारे नेपाल राष्ट्र बैंकको

## प्रेस विज्ञप्ति

यस बैंकले एच एण्ड बि डेभलपमेण्ट बैंक लि.को समष्टिगत स्थलगत निरीक्षण गरी सोको प्रतिवेदन कार्यान्वयनका लागि मिति २०७०।७।२७ मा उक्त संस्थामा पठाइएको । सो प्रतिवेदनबाट विभिन्न व्यक्ति, फर्म वा कम्पनीहरूका खाता सञ्चालकहरुबाट जारी भएका चेकहरूमा बैंकले जनाएको गुड फर पेमेण्ट सम्बन्धमा त्यस्ता चेकहरूमा जनाएको गुड फर पेमेण्टको आधिकारिकता (Genuinity) जाँचबुझ गरी विद्यमान बैंकिङ्ग प्रचलन अनुसार भुक्तानी दिन तथा गुड फर पेमेण्टको आधिकारिकता जाँचबुझ गर्दा शंकास्पद देखिएका चेक तथा चेकहरूको कारोवारको हकमा सोसँग सम्बन्धित व्यक्तिहरूमाथि थप अनुसन्धान, तहकिकात र कारवाहीको लागि सम्बन्धित निकायहरूमा लेखी पठाउन संस्थाको सञ्चालक समितिलाई पटक पटक निर्देशन दिइएकोमा सोको कार्यान्वयन गर्नेतर्फ समेत ठोस कार्य नगरी विभिन्न बहानामा समय लम्ब्याई निर्देशन/आदेश उल्लंघन गर्नेतर्फ संस्थाको सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृत उद्यत रहेको पाइएबाट सर्वसाधारण, निक्षेपकर्ता र शेयरधनीको अहित हुने देखिएकोले बैकिंङ्ग प्रणालीप्रति सर्वसाधारण जनताको विश्वसनीयता कायम राख्न, निक्षेपकर्ता एवं सर्वसाधारणको हित संरक्षण गर्नका लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ को उपदफा (१) बमोजिम संस्थाको सञ्चालक समिति, सोही ऐनको दफा ७४ को उपदफा (४) को खण्ड (ख) बमोजिम प्रमुख कार्यकारी अधिकृतलाई निलम्बन गरी सोही ऐनको दफा ५४ को उपदफा (२) बमोजिम उक्त डेभलपमेण्ट बैंकको व्यवस्थापन मिति २०७१।२।१४ गते देखि यस बैंकले आफ्नो नियन्त्रणमा लिई उप-निर्देशक श्री ज्ञानुकृष्ण अधिकारीको संयोजकत्वमा उप-निर्देशक श्री विष्णुमणि गौतम र सहायक निर्देशक श्री हेमराज अधिकारी सदस्य रहनु भएको तीन सदस्यीय व्यवस्थापन समूह खटाई संस्था सञ्चालन गर्ने व्यवस्था मिलाइएको व्यहोरा सरोकारवाला सबैलाई जानकारी गराइन्छ ।

मितिः २०७१।२।१४

(............................)
**भाष्करमणि ज्ञवाली**
प्रवक्ता